आज मिति २०७९ साल असाड महिना ०५ गते आईतबारका दिन बिहान ११.०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व. २०७८।७९ को बिसौ बैठक नगर प्रमुख श्री असोक कार्कीज्यूको अध्यक्षतामा र देहायको बमोजिमको उपस्थितिमा बसी देहायका निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | जनप्रतिनिधिको नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री असोक कार्की | नगर प्रमुख | बे.न.पा. | |
| २ | श्री जीरा राई | नगर उप प्रमुख | बे.न.पा. | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडाध्यक्ष | वडा नं १ | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडाध्यक्ष | वडा नं २ | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडाध्यक्ष | वडा नं ३ | |
| ६ | श्री तिर्थराज अधिकारी | वडाध्यक्ष | वडा नं ४ | |
| ७ | श्री दिपक राज रेग्मी | वडाध्यक्ष | वडा नं ५ | |
| ८ | श्री बसन्त कुमार मगर | वडाध्यक्ष | वडा नं ६ | |
| ९ | श्री निकेश राई | वडाध्यक्ष | वडा नं ७ | |
| १० | श्री जय कुमार राई | वडाध्यक्ष | वडा नं ८ | |
| ११ | श्री पदम बहादुर खड्का | वडाध्यक्ष | वडा नं ९ | |
| १२ | श्री चन्द्रकला परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १३ | श्री बिष्णु कुमारी परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १४ | श्री नानीमैया खतिवडा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १५ | श्री कुमारी बचिया चौधरी | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १६ | श्री निर्मला बिक | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १७ | श्री राजेन्द्र परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १८ | श्री सरिता बिश्वकर्मा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १९ | श्री निर बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| २० | श्री अर्जुन निरौला | प्रमुख प्रशासकीय अधिकृत | बे.न.पा. | |
| अन्य उपस्थिति | | | | |
| २१ | श्री जगदिश पराजुली | लेखा अधिकृत | बे.न.पा. | |
| २२ | श्री चेतनाथ गौतम | शाखा अधिकृत | बे.न.पा. | |
| २३ | टेक बहादुर कार्की | वडा ६ अध्यक्ष | ११ ६ | |
| २४ | उत्तम ढकाल | [illegible] अधिकृत | नेपाल | |
| २५ | [illegible] | [illegible] | | |
| [illegible] | | | | |
| २६ | गोकुल के.सी. | | बे.न.पा. | Gokul |

## नगर कार्यपालिकाको बैठक संख्या २०, मिति: २०७९।०३।०५ आइतबार

स्थान: नगरपालिका नयाँ भवनको सभा हल,

समय: बिहानको ठिक ०८:०० बजे मिति – २०७९/०३/०२

श्री प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका ।

**निम्न प्रस्तावहरुमा छलफल गर्नेगरी नगर कार्यपालिकाको बिसौं बैठक आमन्त्रण गर्नहुन:**

१. कार्यपालिकाको उन्नाईसौं बैठकको निर्णय कार्यान्वयन समीक्षा ।

२. राजस्व परामर्श समितिमार्फत पेश भएको प्रतिवेदन माथि छलफल तथा अनुमोदन ।

३. नगर अस्पताल बिकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. सुनिता एण्ड कविता कन्ट्रक्सन प्रा.लि.वाट ग्रामिण विद्युतिकरणको लागि नेपाल विद्युत प्राधिकरणवाट लगाईएको ठेक्काको पुर्व सर्भे रिपोर्ट अनुमोदनका लागि पेश हुने सम्वन्धमा ।

५. बेलका नगरपालिका अन्तर्गत रहेका ९ वटा केन्द्रमा मतदानस्थल/ केन्द्र परिवर्तन/थप सिफारिस गर्ने सम्वन्धमा।

६. निम्न विषयको ब्यवस्थापन सम्वन्धमा ।

क.नदिजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री बितरण सम्वन्धमा ।

ख. हाट वजार ठेक्का ब्यवस्थापन सम्वन्धमा ।

ग. पशु चौपाया वनजन्य सामाग्री लगायतका सामाग्री निकासी सम्वन्धमा ।

घ. सिटी हल भाडामा लगाउने सम्वन्धमा ।

ङ. कोल्ड स्टोर भाडामा लगाउने सम्वन्धमा च. खसि बाख्रा संकलन केन्द्र सम्वन्धमा

छ. फोहोर ब्यवस्थापन तथा उद्यान केन्द्र सम्वन्धमा ।

ज. अक्सिजन प्लान्ट सम्वन्धमा झ. अन्य आवस्यक भएमा ।

७. बेलका नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम पेश हुने सम्वन्धमा।

८. बेलका नगरपालिकाको दशौं नगरसभाको अधिवेसनमा पेश हुने आर्थिक विधेयक/विनियोजन विधेयक/ बजेट तथा कार्यक्रमको सैध्दान्तिक सहमति सम्वन्धमा ।

९. अत्यावश्यक ऐन नियमावली कार्यविधिहरु निर्माण सुधार र संशोधन सम्वन्धमा।

१०. कार्यपालिका विषयगत समितिहरुको पूर्णता सम्वन्धमा।

११. विविध ।

क. नगर अस्पतालमा अति असक्तलाई गरिएको उपचार खर्च रकम भुक्तानी सम्वन्धमा ।

ख. उम्मेदवारहरुको निर्वाचन खर्च विवरण तथा सम्पति विवरण सम्वन्धमा ।

ग.

अशोक कार्की

नगर प्रमुख

बेलका नगरपालिका

## नगर कार्यपालिकाको बैठक संख्या २०

बैठक मिति – २०७९ साल आषाढ ०५ गते बसेको बिसौ कार्यपालिकाबैठकका निर्णयहरु

निर्णय नं. १

मिति २०७९/१/२२ र २३ गते बसेको उन्नाईसौ बैठकका निर्णयहरु उपर छलफल गरियो । अधिकांस निर्णयहरु कार्यान्वयनमा रहेको पाईयो ।

निर्णय नं. २

नगरस्तरिय राजस्व परामर्श समितिको मिति २०७९/२/३१ गते बसेको बैठकबाट सर्वसम्मत निर्णय भई नगर कार्यपालिकामा पेश भएको अनुसूचि १ बमोजिमको प्रतिवेदन कार्यपालिका बैठकमा पेश हुदा सोही बैठकबाट सर्वसम्मत निर्णयबाट पारित गरियो ।

निर्णय नं. ३

मिति २०७९/ / गतेको बेलका नगर अस्पताल संचालक समितिबाट प्राप्त निर्णयहरु सर्वसम्मतरुपमा अनुमोदन गरियो ।

निर्णय नं. ४

नेपाल विद्युत प्राधिकरण तथा बेलका नगरपालिकाको संयुक्त साझेदारिमा ग्रामिण विद्युतिकरण विभागबाट बेलका नगरपालिकाको ग्रामिण विद्युतिकरणका लागि ठेक्का सम्झौता भई सुनिता एण्ड कविता कन्स्ट्रक्सन प्रा.लि. दोलखाबाट प्राप्त ठेक्काको पुर्व सर्भे रिपोर्ट सर्वसम्मतबाट अनुमोदन गरियो ।

निर्णय नं. ५

बेलका नगरपालिकामा रहेको मतदान स्थल र केन्द्र संख्यालाई मतदान स्थल सम्म जान लाग्ने समय तथा मतदाता संख्याको आधारमा तपसिल बमोजिमको कायम गर्न निर्वाचन आयोगलाई अनुरोध गर्ने ।

| क्र.स. | वडा नं. | हालको मतदान स्थल संख्या | माग गरिएको मतदान स्थल | कारण |
|---|---|---|---|---|
| १ | १ | केन्द्र – १<br>स्थल – ५ | केन्द्र २<br>स्थल ५ (३ र २ स्थल) | मतदाता संख्या र मतदाता स्थल सम्म आईपुग्ने दुरी |
| २ | २ | केन्द्र – १<br>स्थल – ५ | केन्द्र २<br>स्थल ५ (३ र २ स्थल) | मतदाता संख्या र मतदाता स्थल सम्म आईपुग्ने दुरी |

| | | | | |
|---|---|---|---|---|
| ३ | ३ | केन्द्र – १<br>स्थल – ५ | केन्द्र २<br>स्थल ५ (३ र २ स्थल) | मतदाता संख्या र मतदाता स्थल सम्म आईपुग्ने दुरी |
| ५ | ५ | केन्द्र – १<br>स्थल – ५ | केन्द्र २<br>स्थल ५ (३ र २ स्थल) | मतदाता संख्या र मतदाता स्थल सम्म आईपुग्ने दुरी |
| ६ | ६ | केन्द्र – १<br>स्थल – ४ | केन्द्र २<br>स्थल ४ (२ र २ स्थल) | मतदाता संख्या र मतदाता स्थल सम्म आईपुग्ने दुरी |
| ७ | ७ | केन्द्र – १<br>स्थल – ३ | केन्द्र २<br>स्थल ३ (१ र २ स्थल) | मतदाता संख्या र मतदाता स्थल सम्म आईपुग्ने दुरी |
| ८ | ८ | केन्द्र – १<br>स्थल – ४ | केन्द्र २२र २ स्थल) | मतदाता संख्या र मतदाता स्थल सम्म आईपुग्ने दुरी |

निर्णय नं. ६

आ.ब. २०७९/८० को लागि ठेक्का व्यवस्थापन गर्नुपर्ने विषयहरु प्रकृयामा लैजाने निर्णय गरियो ।

क. हाट बजार ठेक्का व्यवस्थापन
ख. सिटी हल ठेक्का व्यवस्थापन
ग. निकासी कर ठेक्का व्यवस्थापन
घ. खसि बाखा संकलन केन्द्र ठेक्का व्यवस्थापन
ङ. कोल्डस्टोर ठेक्का व्यवस्थापन
च. ढुङ्गा गिट्टी बालुवा तथा नदिजन्य पदार्थ ठेक्का व्यवस्थापन
छ. विविध ।

निर्णय नं. ७

आ.ब. २०७९/८० को अनुसूचि २ बमोजिमको नीति तथा कार्यक्रम पेश भई छलफल गरियो । विषयगत समितिबाट दफादार छलफल भई अर्को नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

नगरसभामा लैजाने गरि कुनै कानून प्राप्त नभएको जानकारी गराईयो । ।

निर्णय नं. ९

योजना तर्जुमा लगायतका प्रयोजनका लागि आवस्यक पर्ने विषयगत समितिहरु तपसिल बमोजिम पुर्णता दिने निर्णय गरियो ।

क. आर्थिक बिकास समिति

संयोजक – दिनेश्वर प्रसाद चौधरी

सदस्य – राजेन्द्र परियार

सदस्य – विष्णु कुमारी परियार

ख. सामाजिक विकास समिति

संयोजक – टंक प्रसाद आचार्य

सदस्य – बचिया चौधरी

सदस्य – सरिता बि.क.

ग. वन वातावरण तथा विपद व्यवस्थापन समिति

संयोजक – निकेश राई

सदस्य – नानीमैया खतिवडा

सदस्य – राजेन्द्र परियार

घ. सुशासन तथा संस्थागत विकास समिति

संयोजक – बसन्त मगर

सदस्य – चन्द्रकला परियार

सदस्य – निर बहादुर विश्वकर्मा

ङ. पूर्वाधार विकास समिति

संयोजक – जय कुमार राई

सदस्य - निर बहादुर विश्वकर्मा

सदस्य – निर्मला विश्वकर्मा

<u>निर्णय नं. १०</u>

विभिन्न समयमा विभिन्न स्थानमा प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन स्विकृत गराई उत्खनन् अनुमति प्राप्त कम्पनी/ संस्था/ व्यक्तिले मौज्दात गरिएका ढुङ्गा गिट्टी तथा बालुवाको वडास्तरमा ( वडाध्यक्ष र वडा प्राविधिक) मार्फत मौज्दात प्रमाणित गर्ने अख्तियारी प्रदान् गर्ने । साथै मौज्दात प्रमाणित सामाग्री नियमानुसार कर दाखिला गरि गराई निकासी गर्न अनुमती दिने ।

<u>निर्णय नं. ११</u>

नगर अस्पतालबाट अति बिपन्न तथा सहाराविहिनहरुलाई उपचार गर्दा लागेको रकम नगर अस्पताललाई भूक्तानी दिने ।

आज मिति २०७९ साल आषाढ महिना ०९ गते बिहिबारका दिन बिहान ०८.०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व. २०७८।७९ को एकाईसौ बैठक नगर प्रमुख श्री असोक कार्कीज्यूको अध्यक्षतामा र देहायको बमोजिमको उपस्थितिमा बसी देहायका निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | जनप्रतिनिधिको नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री असोक कार्की | नगर प्रमुख | बे.न.पा. | |
| २ | श्री जीरा राई | नगर उप प्रमुख | बे.न.पा. | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडाध्यक्ष | वडा नं १ | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडाध्यक्ष | वडा नं २ | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडाध्यक्ष | वडा नं ३ | |
| ६ | श्री तिर्थराज अधिकारी | वडाध्यक्ष | वडा नं ४ | |
| ७ | श्री दिपक राज रेग्मी | वडाध्यक्ष | वडा नं ५ | |
| ८ | श्री बसन्त कुमार मगर | वडाध्यक्ष | वडा नं ६ | |
| ९ | श्री निकेश राई | वडाध्यक्ष | वडा नं ७ | |
| १० | श्री जय कुमार राई | वडाध्यक्ष | वडा नं ८ | |
| ११ | श्री पदम बहादुर खड्का | वडाध्यक्ष | वडा नं ९ | |
| १२ | श्री चन्द्रकला परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १३ | श्री बिष्णु कुमारी परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १४ | श्री नानीमैया खतिवडा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १५ | श्री कुमारी बधिया चौधरी | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १६ | श्री निर्मला बिक | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १७ | श्री राजेन्द्र परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १८ | श्री सरिता विश्वकर्मा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १९ | श्री निर बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| २० | श्री अर्जुन निरौला | प्रमुख प्रशासकीय अधिकृत | बे.न.पा. | |

अन्य उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| २१ | श्री जगदिश पराजुली | लेखा अधिकृत | बे.न.पा. | |
| २२ | श्री चेतनाथ गौतम | शाखा अधिकृत | बे.न.पा. | |
| २३ | श्री उत्तम ढकाल | प्रशासकीय अधिकृत | बे.न.पा. | |
| २४ | [illegible] | [illegible] | " " | |
| २५ | | | | |
| २६ | गोकुल के.सी. | का.स. | | |

बेलका नगरपालिका रामपुर उदयपुर

नगर कार्यपालिकाको बैठक संख्या २१, मितिः २०७९।०३।०९ बिहिबार

स्थानः नगरपालिका नयाँ भवनको सभा हल, समयः बिहान ठिक ०८:०० बजे ।

मिति – २०७८/०३/०७

श्री प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका ।

**निम्न प्रस्तावहरुमा छलफल गर्नेगरी नगर कार्यपालिकाको एक्काइसौं बैठक आमन्त्रण गर्नहुनः**

१. अघिल्लो बैठकका निर्णयहरू कार्यान्वयनको समीक्षा ।

२. बेलका नगरपालिकाको आ.व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम सम्वन्धमा ।

३. बेलका नगरपालिकाको आर्थिक विधेयक, २०७९ नगर सभामा पेश गर्ने सम्वन्धमा।

४. बेलका नगरपालिकाको बिनियोजन विधेयक, २०७९ नगर सभामा पेश गर्ने सम्वन्धमा।

५. बेलका नगरपालिकाको मध्यमकालिन खर्च संरचना (MTEF) नगर सभामा पेश गर्ने सम्वन्धमा ।

६. बेलका नगरपालिकाको आर्थिक सर्वेक्षण,२०७९-०८० सम्वन्धमा ।

७. संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को प्राप्तांक अनुमोदन गर्ने सम्वन्धमा ।

८. बिभिन्न आयोजना सम्झौता अनुमोदन सम्वन्धमा।

९. बिभिन्न ठेक्काहरुको म्याद थप अनुमोदन सम्वन्धमा।

१०.बिबिध

बेलका नगरपालिकाको मिति २०७९/०३/०९ गतेका दिन आ.व. २०७८/७९ को एकाईसौं कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं.१.

अघिल्लो बैठकका निर्णयहरू कार्यान्वयनकोक्रममा रहेको पाइयो ।

निर्णय नं.२.

बेलका नगरपालिकाको आ.व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

निर्णय नं.३.

बेलका नगरपालिकाको आर्थिक विधेयक, २०७९ स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

निर्णय नं.४.

बेलका नगरपालिकाको विनियोजन विधेयक, २०७९ स्वीकृतिका लागि नगर सभामा पेश गर्ने।

निर्णय नं.५.

बेलका नगरपालिकाको निर्माण भएको मध्यमकालिन खर्च संरचना (MTEF) स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

निर्णय नं.६.

बेलका नगरपालिकाको आर्थिक सूचकहरुको आधारमा गरिएको आर्थिक सर्वेक्षण, २०७९-०८० प्रतिवेदन स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

निर्णय नं.७.

बेलका नगरपालिकाले प्राप्त गरेको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को प्राप्तांक अनुमोदन गर्ने ।

निर्णय नं.८.

बेलका नगरपालिकामा आ.व. २०७८/०७९ मा कार्यालयबाट भएको विभिन्न आयोजनाहरुको फरफारक अनुमोदन गर्ने ।

निर्णय नं.९.

बेलका नगरपालिकामा आ.व. २०७८/०७९ मा संचालित विभिन्न ठेक्काहरुको म्याद सकिएको हुँदा, निर्माण कम्पनिद्वारा म्याद थपको लागि निवेदन भएकोले योजनाहरुको सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत म्याद थप गर्ने र म्याद थप भई सकेका योजनाहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं.१०.

विविध

आज मिति २०७९ साल असार महिना २२ गते बुधबारका दिन दिनको २.०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.ब. २०७८।७९ को बाइसौं बैठक नगर प्रमुख श्री अशोक कार्कीज्यूको अध्यक्षतामा र देहायको बमोजिमको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| सि.नं. | जनप्रतिनिधिको नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | |
| २ | श्री जिरा राई | नगर उप प्रमुख | बे.न.पा. | |
| ३ | श्री दिनेश्वर चौधरी | वडाध्यक्ष | वडा नं १ | |
| ४ | श्री प्रेमबहादुर दाहाल | वडाध्यक्ष | वडा नं २ | |
| ५ | श्री टंकप्रसाद आचार्य | वडाध्यक्ष | वडा नं ३ | |
| ६ | श्री तिर्थराज अधिकारी | वडाध्यक्ष | वडा नं ४ | |
| ७ | श्री दिपकराज रेग्मी | वडाध्यक्ष | वडा नं ५ | |
| ८ | श्री वसन्त कुमार मगर | वडाध्यक्ष | वडा नं ६ | |
| ९ | श्री निकेश राई | वडाध्यक्ष | वडा नं ७ | |
| १० | श्री जय कुमार राई | वडाध्यक्ष | वडा नं ८ | |
| ११ | श्री पदमबहादुर खड्का | वडाध्यक्ष | वडा नं ९ | |
| १२ | श्री चन्द्रकला परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १३ | श्री विष्णुकुमारी परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १४ | श्री नानीमैया खतिवडा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १५ | श्री कुमारीवतिया चौधरी | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १६ | श्री निर्मला वि.क. | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १७ | श्री राजेन्द्र परियार | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १८ | श्री सरिता विश्वकर्मा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| १९ | श्री निरबहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | बे.न.पा. | |
| २० | श्री अर्जुन निरौला | प्रमुख प्रशासकीय अधिकृत | बे.न.पा. | |
| अन्य उपस्थिति | | | | |
| २१ | श्री जगदीश पराजुली | लेखा अधिकृत | बे.न.पा. | |
| २२ | श्री चेतनाथ गौतम | शाखा अधिकृत | बे.न.पा. | |
| २३ | श्री उत्तम ढकाल | प्रशासकीय अधिकृत | बे.न.पा. | |
| २४ | निरोद मिश्र | अ.स्वा.अ. | [illegible] | |
| २५ | श्री सुशील निरौला | शि. अधिकृत | शिक्षा | |
| २६ | [illegible] | [illegible] | [illegible] | |
| २७ | श्री [illegible] | [illegible] | [illegible] | |
| २८ | डोमफुल के.सी. | | | |
| २९ | | | | |
| ३० | | | | |
| ३१ | | | | |

बेलका नगरपालिका रामपुर उदयपुर

नगर कार्यपालिकाको बैठक संख्या २२, मितिः २०७९।०३।२२ बुधवार

स्थानः नगरपालिका नयाँ भवनको सभा हल, समयः दिनको ठिक ०२:०० बजे।

मिति – २०७८/०३/२०

श्री प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका।

निम्न प्रस्तावहरुमा छलफल गर्नेगरी नगर कार्यपालिकाको बाईसौं बैठक आमन्त्रण गर्नहुनः

१. अघिल्लो बैठकका निर्णयहरू कार्यान्वयनको समीक्षा।
२. आ.ब.२०७८/०७९ मा प्रदेश सरकारको सशर्त अनुदानबाट नगरपालिकामा ठेक्का व्यवस्थापन भई संचालन भएको वडा नं. ८ मा सोमबारे मायुडटार सडक स्तरोन्नती कार्य सडक भासिने अवस्था देखिएकोले ठेक्का रद्द गर्ने सम्बन्धमा
३. आ.ब.२०७८/०७९ मा संघीय सरकार तथा प्रदेश सरकारको सशर्त अनुदानबाट नगरपालिकामा संचालित तपसिल बमोजिमका योजनाहरुको फरफारक सम्बन्धमा।

तपसिलः

क. लेकाली खेल मैदान स्तरोन्नती
ख. रामपुर सातपत्रे भागलपुर आम्बासी सडक निर्माण तथा स्तरोन्नती (आम्बासी खण्ड)
ग. मगरनी खोला स्लायभ कल्भर्ट निर्माण
घ. कृषि उपज बजारको निर्माण तथा स्तरोन्नती
ङ. फोहोर व्यवस्थापन तथा उधान केन्द्र जाने बाटोमा कल्भर्ट निर्माण तथा नदी व्यवस्थापन कार्य
च. कभर्ड हल निर्माण तथा स्तरोन्नती कार्य
छ. सुनडे भुतिया दह हाइकिङ रुट निर्माण तथा दह व्यवस्थापन आयोजना
ज. १० शैयाको आधारभूत अस्पताल निर्माण

४. बेलका नगरपालिकाका सामुदायिक विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संचालित निम्न योजनाहरुको रकम निकास सम्बन्धमा।

क. श्री देउराली आ.वि. बे.न.पा ५ गलेनी
ख. श्री ज्योति आ.वि. नामकेसा बेलका ७

५. बेलका नगरपालिका वडा नं. ८ को श्री जनता आ.वि. ढुँडखोलामा संघीय सरकारबाट बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सशर्त रुपमा हस्तान्तरित रकमबाट खानेपानी टंकी निर्माणको रकम निकासा सम्बन्धमा।
६. श्री नमूना जनता मा.वि गुरुडचौरीमा संचालित योजनाको रकम निकासा सम्बन्धमा।
७. चालु आ.व.मा भुक्तानी दिन नसकिने तपसिल विवरणमा पर्ने योजनाहरु आगामी आ.व. मा भुक्तानी बाँकी मा राख्ने र रकम विनियोजन गर्ने सम्बन्धमा।

क. सम्पन्न भएका योजनाहरु
ख. सम्झौता भई कार्य संचालन गरि हाल सम्पन्न गर्न नसकिएका योजनाहरु
ग. सम्झौता भई कार्य थालनी नभएका योजनाहरु

८. बेलका नगरपालिकामा संचालित चरोना गृहको गुणस्तर र मापदण्ड कायम राख्न मेनु, खाजा, खानाको दर रेट र चमेना गृहको भाडा निर्धारण गर्ने सम्बन्धमा।
९. विषयगत तथा अन्य समितिहरुको पूर्णता सम्बन्धमा।

क. नगर स्तरीय उद्यम विकास समिति
ख. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरणका लागि स्थानीय तह समन्वय समिति

ग. अपाङ्गता परिचय पत्र बितरण समिति

घ. पर्यटन विकास समिति

ङ. खेलकुद विकास समिति

च. नगर स्तरीय विपद व्यवस्थापन समिति

छ. कानुन तर्जुमा तथा मस्यौदा समिति

ज. स्थानीय निर्देशक समिति (प्रधानमन्त्री रोजगार कार्यक्रम)

झ. नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

ञ. नगर शिक्षा समिति

ट. पेश्की तथा बेरुजु फर्स्यौट समिति

ठ. बजार अनुगमन समिति

ड. विपन्न उपचार सिफारिस समिति

१०. नगरपालिकाद्वारा संचालित अति विपन्न खाद्यान्न कार्यक्रम अन्तर्गत वडा गत जम्मा ७२ जनाको हालसम्म खर्च भएको रकम रु. १२,०५,०००|०० मध्ये हाल उक्त शीर्षकमा भएको रकम रु. १०,५०,०००|०० भुक्तानी गरी अनुमोदन गर्ने र बाँकी नपुग रकम रु.१,५५,०००|०० भुक्तानी बाँकीमा दायित्व राखे साथै आगामी आ.व.मा थप कार्यक्रम संचालन सम्बन्धमा ।

११. बेलका न.पा. वडा नं. ७ मा निर्माण भएको वराहको मुर्ति निर्माणको भुक्तानी सम्बन्धमा ।

१२. बेलका नगरपालिका वडा नं. १ मा निर्माण भएको चिस्यान केन्द्रमा हेरालु तथा प्राविधिक र अन्य व्यक्तिहरु सेवा करार/ ज्यालादारीमा लिने सम्बन्धमा ।

१३. वडा अध्यक्ष साना पूर्वाधार विकास सहयोग कार्यक्रमबाट योजनाको रकम भुक्तानी सम्बन्धमा ।

क. वडा नं. ६ को बरबोटे इनाम्से सडक मर्मत सम्भार कार्यका भएको खर्च रकम

१४. आगामी आ.व.मा आर्थिक वर्षको सुरुवति २ महिना (साउन र भदौ) महिना भित वाडागत घटना दर्ता शिविर संचालन सम्बन्धमा ।

१५. बेलका नगरपालिका वडा नं. ५ मा प्रदेश संसदीय विकास कोषको कार्यक्रम अन्तर्गत महिला सशक्तिकरण तथा क्षमता विकासका लागि कार्य सम्पन्न गरि पेश भएको रकम भुक्तानी सम्बन्धमा ।

१६. विपदजन्य कार्यमा रोकथाम नियन्त्रण तथा तत्काल प्रतिकार्य गर्ने कार्यमा भएको खर्च रकम अनुमोदन गर्ने सम्बन्धमा

१७. बेलका नगरपालिका वडा नं. ५ मा पहिरोबाट प्रभावित घरधुरीलाई स्तालागत अनुगमन गरि उपयुक्त स्थानमा स्थानान्तरण गरि व्यवस्थापन गर्न जिल्ला विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने सम्बन्धमा ।

१८. बेलका नगरपालिका वडा नं. २ मा भूमि सेवा केन्द्र अन्तर्गत जग्गा नाँपजाँच कार्यकालागि वडा स्तरमा खटिएका सहयोगीको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

१९. बेलका नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७९ स्वीकृति सम्बन्धमा ।

२०. आ.व.२०७८/०७९ कालागि विनियोजित रकमबाट कार्यक्रम संचालन भइ रकम भुक्तानीका लागि पेश भएको विभिन्न जातिगत समितिको रकम भुक्तानी सम्बन्धमा ।

२१. सुशासन प्रतिवेदन सम्बन्धमा

क. पदाधिकारी सेवा सुविधा

ख. कर्मचारी

ग. कार्यालय संचालन

घ. योजना संचालन

ङ. निर्माण समाग्री व्यवस्थापन र संचालन (ब्याक्हो लोडर, एक्साभेटर, ट्राक्टर)

च. कृषि यान्त्रिकरण सम्बन्धि औजार तथा उपकरणहरु (ट्राक्टर, पानि टंकी, थ्रेसर, रोप्ने मेसिन)

छ. सवारी मर्मत(गाडी, मोटरसाइकल, स्कुटी)

ज. इन्धन

झ. तालिम (संचालन, व्यवस्थापन, मसलन्द, प्रशिक्षक, प्रशिक्षार्थि सुविधा)

२२. बेलका नगरपालिकामा नगरपालिकाद्वारा संचालित एम्बुलेन्स चालकहरुले पाउने १०% सेवा सुविधा सम्बन्धमा ।

२३. श्री अख्तियार दुरुपयोग आनुसंधान आयोगको कार्यालय इटहरीको श्री नारायण देवजी चौधरी माध्यमिक विद्यालय आम्बासीको नाम परिवर्तन बारे प्राप्त पत्र सम्बन्धमा ।

२४. विविध

क. बेलका नगरपालिका वडा नं. १ मा डेंगु संक्रमण देखिएको हुँदा डेंगु रोकथामका लागि कार्यक्रम संचालन सम्बन्धमा ।

ख. बेलका नगरपालिका वडा नं.६ मा रहेको किरात चोकमा सम्पन्न गरिएको नगर स्तरीय उभौली पर्व संचालन गर्दा लागेको खर्च मध्ये रकम रु.३५,०००|- किरात राई यायोक्खालाई भुक्तानी दिने सम्बन्धमा ।

अशोक कार्की

नगर प्रमुख

बेलका नगरपालिकाको मिति २०७९/०३/२२ गतेका दिन आ.व. २०७८/७९ को बाईसौं कार्यपालिका बैठकको निर्णयहरु

<u>निर्णय नं.१.</u>

अघिल्लो बैठकका निर्णयहरू कार्यान्वयनको समिक्षा गरियो सबै निर्णयहरु भए अनुरुपका कार्यहरु कार्यान्वयनमा रहेको पाइयो ।

<u>निर्णय नं.२.</u>

२०७८/०७९ मा प्रदेश सरकारको शसर्त अनुदानबाट नगरपालिकामा ठेक्का व्यवस्थापन भइ संचालन भएको वडा नं.८ को सोमबारे मायुइटार सडक स्तरोन्नति कार्यमा विनियोजित रकम रु.६५,००,०००।- प्रदेश सरकारबाट रकम रु. ५०,००,०००।- र स्थानीय सरकारबाट रकम रु.१५,००,०००।-। मध्ये ठेक्का सम्झौता भएको रकम रु.३७,५२,३७४।५८ अन्तर्गत हाल सम्मको रनिङ बिल रकम रु.२२,३२,८४९।०६ भुक्तानी भएको छ । उक्त योजनामा थप कार्य गर्नका लागि अविरल वर्षा र पहिरोजन्य विपदले गर्दा साविक निर्माण भएको कालो पत्रे सडक भासिएको र पहिरो गएकाले हाल ठेक्का सम्झौता भएको निर्माण स्थलसम्म जान सक्ने अवस्था नरहेको र निर्माण व्यवसायीले काबुबाहिरको परिस्थिति रहेको हुँदा, थप निर्माण कार्य गर्न नसक्ने जानकारी गराई कार्य स्थगन गरेको तथा नगर स्तरीय अनुगमन समिति र प्राविधिक प्रतिवेदन समेतबाट कार्य सूचारु गर्न उक्त विपदजन्य स्थानको मर्मत सम्भारका लागि पर्याप्त बजेट र समय अभाव रहेको देखिएकाले काबुबाहिरको परिस्थिति मानि हाल सम्म भएको निर्माण कार्यको मुल्यांकन भइ भुक्तानी भएको रकमलाई अनुमोदन गर्दै सार्वजनिक खरिद ऐन, २०६३ (सं.स.) को दफा ५९ को २ (घ) बमोजिम काबुबाहिरको परिस्थितिको आधारमा ठेक्का सम्झौता अन्त्य गर्ने । साथै सोमबारे मायुइटार सडक स्तरोन्नति तथा निर्माण गर्नै पर्ने सडक भएकाले आगामी आर्थिक वर्षमा निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिने ।

<u>निर्णय नं.३.</u>

आ.व.२०७८/०७९ मा संघीय सरकार तथा प्रदेश सरकारको शसर्त अनुदान स्वरूप प्राप्त रकम बाट सञ्चालित ठेक्का व्यवस्थापन भइ सम्पन्न हुन नसकेका तथा क्रमागत योजनाहरु मध्ये २०७९ असार २५ गतेसम्म प्राविधिकबाट निर्माण कार्य पश्चात प्राप्त मुल्यांकन बमोजिमको रकम भुक्तानी दिने । बाँकी ठेक्का क्रमागत योजनाहरुका हकमा आगामी आ.व.मा सोही योजनाको सोही श्रोतबाट शसर्त प्राप्त हुने संघीय तथा प्रदेश शसर्त अनुदानबाट खर्च लेख्ने र क्रमागत नहुने योजनाहरुको हकमा भुक्तानी बाँकी दायित्वमा राखी भुक्तानी हुने व्यवस्था मिलाउने ।

योजना:

क. नेपाली खेल मैदान स्तरोन्नती

ख. रामपुर सातपत्रे भागलपुर आम्वासी सडक निर्माण तथा स्तरोन्नती (आम्वासी खण्ड)

ग. कालनी खोला स्लायभ कल्भर्ट निर्माण

घ. कुसी उत्तम बजारको निर्माण तथा स्तरोन्नती

ङ. कोसेर व्यवस्थापन तथा उद्यान केन्द्र जाने बाटोमा कल्भर्ट निर्माण तथा नदी व्यवस्थापन कार्य

च. कम्पाउन्ड वाल निर्माण तथा स्तरोन्नती कार्य

छ. सुपाडे भुतिया दह हाइकिङ रुट निर्माण तथा दह व्यवस्थापन आयोजना

ज. १० शैयाको आधारभूत अस्पताल निर्माण

निर्णय नं.४.

बेलका नगरपालिकाका सामुदायिक विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संचालित तपसिल बमोजिमको २ कोठे र ४ कोठे भवनको रकम निकासा सम्बन्धमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७९/०३/१७ को प्राप्त पत्र बमोजिम मिति २०७९/०३/२४ गतेसम्मको प्राविधिक मुल्यांकन बमोजिमको रकम भुक्तानी दिने र बाँकी रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरि सोही बराबरको रकम निर्माण सम्पन्न नभएसम्मका लागि खाता रोक्का राख्ने ।

तपसिल:

क. श्री देउराली आ.वि. बे.न.पा ५ गलेनी

ख. श्री ज्योति आ.वि. नामकेसा बेलका ७

निर्णय नं.५.

बेलका नगरपालिका वडा नं. ८ को श्री जनता आ.वि. डुँडखोलामा संघीय सरकारबाट बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सशर्त रुपमा हस्तान्तरित रकमबाट खानेपानी टंकी निर्माणको कार्य विविध कारणबस सम्पन्न हुन नसकी निर्माणाधीन अवस्थामा रहेकोले सोका लागि विनियोजन भएको रकम रु.८,००,०००।- बजेट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात भुक्तानी हुने गरि सम्बन्धित विद्यालयको खातामा निकासा हुने गरि खाता रोक्का राख्ने ।

निर्णय नं.६.

श्री नमुना जनता मा.वि गुरुङचौरीमा संचालित योजनाको रकम निकासाका लागि मिति २०७९/०३/२४ गतेसम्मको प्राविधिक मुल्यांकन बमोजिमको रकम भुक्तानी दिने र बाँकी रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरि सोही बराबरको रकम निर्माण सम्पन्न नभएसम्मका लागि खाता रोक्का राख्ने ।

निर्णय नं.७.

चालु आ.व.मा भुक्तानी दिन नसकिने तपसिल विवरणमा पर्ने योजनाहरु आगामी आ.व. मा भुक्तानी बाँकीमा राख्ने र रकम विनियोजन गर्ने ।

क. कार्य सम्पन्न भइ भुक्तानीका लागि माग भइ आएका तर सम्बन्धित शिर्षकमा बजेट व्यवस्थापन नभएका बजेटमा रहेका योजनाहरु

ख. सम्झौता भई कार्य संचालन गरि हाल सम्पन्न गर्न नसकिएका योजनाहरु

ग. सम्झौता भई विविध कारणबाट कार्य थालनी नभएका योजनाहरु

निर्णय नं.८.

बेलका नगरपालिका परिसर भित्र संचालित चमेना गृहहरुको गुणस्तर र मापदण्ड कायम राख्न अनुसूची १ बमोजिमको मेनु, खाजा, खानाको दर रेट र चमेना गृहको भाडा कायम गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं.९.

तपसिल बमोजिमका विषयगत तथा अन्य समितिहरुको हकमा हाललाई विपन्न उपचार सिफारिस समिति र सामाजिक सुरक्षा तथा व्यक्तिगत गटना दर्ता सुदृढिकारणका लागि स्थानीय तह समन्वय समिति पूर्णता दिने र बाँकी रहेका समितहरु आगामी बैठकहरुबाट निर्णय लिने ।

तपसिलः

क. विपन्न उपचार सिफारिस समिति
   नगर प्रमुख — संयोजक
   प्रमुख प्रशासकीय अधिकृत — सदस्य
   स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

ख. सामाजिक सुरक्षा तथा व्यक्तिगत गटना दर्ता सुदृढिकारणका लागि
   १. स्थानीय तह समन्वय समिति
      क. नगर उप-प्रमुख — अध्यक्ष
      ख. प्रमुख प्रशासकीय अधिकृत — सदस्य
      ग. वडा अध्यक्ष श्री पदमबहादुर खड्का — सदस्य
      घ. शिक्षा अधिकृत — सदस्य
      ङ. पंजीकरण शाखा प्रमुख — सदस्य सचिव
   २. नगरपालिकाको गुनासो सुनुवाई समिति
      क. प्रमुख प्रशासकीय अधिकृत — संयोजक
      ख. प्रशासन शाखा प्रमुख — सदस्य
      ग. पंजीकरण शाखा प्रमुख — सदस्य सचिव
   ३. वडा कार्यलयको गुनासो सुनुवाई समिति
      क. सम्बन्धित वडाको अध्यक्ष — संयोजक
      ख. वडा अध्यक्षले तोकेको महिला वडा सदस्य — सदस्य
      ग. वडा सचिव — सदस्य सचिव

ग. नगर स्तरीय उद्यम विकास समिति

घ. नगर अपाङ्गता समन्वय समिति

ङ. पर्यटन विकास समिति

च. खेलकुद विकास अमिति

छ. नगर स्तरीय विपद व्यवस्थापन समिति

ज. कानुन तर्जुमा तथा मस्यौदा समिति

झ. स्थानीय निर्देशक समिति (प्रधानमन्त्री रोजगार कार्यक्रम)

ञ. नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

ट. नगर शिक्षा समिति

ठ. पेश्की तथा बेरुजु फर्स्यौट समिति

ड. बजार अनुगमन समिति

ढ. नगर बाल अधिकार संरक्षण समिति

ण. लैङ्गिक हिंसा निवारण कोष संचालक समिति

त. महिला उद्यमशिलता सहजीकरण केन्द्र संचालक समिति

थ. महिला सुरक्षित आवास गृह संचालन समिति

<u>निर्णय नं.१०.</u>

नगरपालिकाद्वारा संचालित अति विपन्न खाद्यान्न कार्यक्रम अन्तर्गत वडागत जम्मा ७२ जनाको हालसम्म खर्च भएको रकम रु. १२,०५,०००।०० मध्ये हाल उक्त शीर्षकमा भएको रकम रु.१०,५०,०००।०० भुक्तानी गरी अनुमोदन गर्ने र बाँकी नपुग रकम रु.१,५५,०००।०० भुक्तानी बाँकीमा दायित्व राख्ने साथै आगामी आ.व.मा वडा समिति मार्फत प्राप्त प्रतिवेदनको आधारमा कार्यक्रमको पुनरावलोकन गरि थप कार्यक्रम संचालन गर्ने ।

<u>निर्णय नं.११.</u>

बेलका नगरपालिका वडा नं. ७ मा निर्माण भएको बराहको मूर्ति निर्माणको भुक्तानीका लागि निवेदन प्राप्त भएको हुँदा, उक्त कार्यको भविष्यमा फरक नपर्ने गरि र जवाफदेही हुने गरि प्राविधिक मुल्यांकनका लागि ललित कला प्रतिष्ठानलाई अनुरोध गर्ने र आगामी आ.व.को भुक्तानी बाँकीमा रकम विनियोजन गर्ने ।

<u>निर्णय नं.१२.</u>

नगर प्रमुखज्यूको निर्देशानुसार तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमको कामकाज गर्ने गरि तोकिएको तपसिल बमोजिमको सेवा सुविधा पाउने गरि दैनिक ज्यालादारीमा कामकाज गर्न लगाउने ।

तपसिल

| क.स. | नाम/ थर | ठेगाना | पद | पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री तिलकबहादुर भुजेल | बे.न.पा १ | नगर प्रमुखज्यूको सवारी चालक | मासिक रु.२२,०००।- | |
| २. | श्री तिर्थ राई | बे.न.पा १ | नगर प्रमुखज्यूको सचिवालयमा सहायक | | |
| ३. | श्री ललित राई | बे.न.पा ४ | नगर प्रमुखज्यूको प्रेस संयोजक (इन्धनमा रु.५,०००।-, खाजा र खानामा रु.५,०००।- र संचारमा रु.५,०००।-) | मासिक रु.१५,०००।- | |
| ४. | पवन सन्देश राई | बे.न.पा १ | वडा नं. १ को कोल्ड स्टोर हेरालु | मासिक रु.१५,०००।- | |
| ५. | श्री राजेन्द्र बिष्ट | बे.न.पा १ | वडा नं. १ को कोल्ड स्टोर हेरालु | मासिक रु.१५,०००।- | |
| ६. | श्री रोशन कार्की | सप्तकोशी न.पा. सप्तरी | वडा नं. १ को कोल्ड स्टोरको इलेक्ट्रिसियन तथा सी.सी. क्यामेरा टेक्निसियन | मासिक रु.२५,०००।- | |

निर्णय नं.१३.

बेलका नगरपालिका वडा नं.६ को बरबोटे इनाम्से सडक मर्मत सम्भार कार्यमा भएको खर्च मु.अ.क. सहित रकम रु.९१,७४४।७४ वडा साना पूर्वाधार विकास सहयोग कार्यक्रमबाट योजनाको रकम भुक्तानी दिने ।

निर्णय नं.१४.

बेलका नगरपालिकामा घटना दर्ता कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आगामी आ.व.को आर्थिक वर्षको सुरुवति २ महिना (साउन र भदौ) महिना भित्र वडागत घटना दर्ताको लागि प्रचार प्रसार सहित शिविर संचालन गर्ने ।

निर्णय नं.१५.

बेलका नगरपालिका वडा नं.५ मा प्रदेश संसदीय विकास कोषको कार्यक्रम अन्तर्गत महिला सशक्तिकरण तथा क्षमता विकासको लागि विनियोजन भएको रकम रु.२,५००००।- मध्ये कार्य सम्पन्न गरि वडा कार्यालयको सिफारिस सहित पेश भएको विल भरपाई वमोजिम जम्मा खर्च रकम रु.१,३०,११०।- मा नियमानुसार कर कट्टी गरि भुक्तानी दिने ।

निर्णय नं.१६.

बेलका नगरपालिकामा अविरल वर्षातका कारण सृजित विपदजन्य परिस्थितिमा रोकथाम नियन्त्रण तथा तत्काल प्रतिकार्य गर्ने कार्यमा खर्च भएको तपसिल बमोजिमको शीर्षकगत खर्च रकम अनुमोदन गर्ने ।

तपसिल:

क. सप्तकोशी नदि कटान नियन्त्रणका क्रममा भएको खर्च -
- डुम्रीबोटे सप्तकोशी कटान संघर्ष समितिद्वारा पेश भएको खर्च रकम रु.४,१३,५६६।-
- नगरपालिकाबाट प्रयोग भएका ट्र्याक्टर, टिफर, ब्याक हो लोडर संचालन परिचालन गर्दा खपद भएको जम्मा ८५० लि. डिजेल इन्धनको खर्च रकम ।

ख. बेलका नगरपालिका वडा नं.४ को सिसुवा खोला नियन्त्रणका क्रममा भएको खर्च
- नगरपालिका र निजि क्षेत्रको २ वटा ब्याक हो लोडर संचालन परिचालन गर्दा खपद भएको जम्मा २६२० लि. डिजेल इन्धनको खर्च रकम

ग. बेलका नगरपालिका वडा नं.३ को जसोदा खोला नियन्त्रणका क्रममा भएको खर्च
- नगरपालिकाबाट प्रयोग भएका ट्र्याक्टर, टिफर, ब्याक हो लोडर संचालन परिचालन गर्दा खपद भएको जम्मा १०० लि. डिजेल इन्धनको खर्च रकम ।

घ. सप्तकोशी नदि नियन्त्रणका लागि श्री पशुपति प्रसाद गण, गाईघाट, उदयपुरबाट नेपालि सेनाको टोलि विपद स्थल सम्म ल्याउन खर्च भएको गाडी भाडा रकम रु.१५,०००।- भुक्तानी दिने

ङ. सप्तकोशी नदि नियन्त्रणका लागि श्री पशुपति प्रसाद गण, गाईघाट, उदयपुरको नेपाली सेनाको टोलि विपद स्थलबाट वर्षातको कारणले कोशी कटान क्षेत्रबाट फत्तेपुर लहान हुँदै गाईघाटसम्म पुर्याउन खर्च भएको गाडी भाडा रकम रु.२५,०००।- भुक्तानी दिने

च. नगरपालिका परिसर भित्र निर्माण गरिएको सवारी पार्किङ स्थलको रकम भुक्तानी दिने ।

छ. नगरपालिका परिसर भित्र निर्माण गरिएको चमेना गृहको निर्माण खर्च रकम भुक्तानी दिने ।

ज. बेलका अक्सिजन प्लान्टमा कार्यरत श्री हरि भण्डारीको ३ महिनाको पारिश्रमिक भुक्तानी दिने ।

<u>निर्णय नं.१७.</u>

बेलका नगरपालिका वडा नं. ५ मा अविरल वर्षातका कारण गएको पहिरोबाट प्रभावित भएका घरदुरीहरुलाई स्थलगत अनुगमन गरि उपयुक्त स्थानमा स्थानान्तरण गरि व्यवस्थापन गर्न जिल्ला विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

<u>निर्णय नं.१८.</u>

बेलका नगरपालिका वडा नं. २ मा भुमि सेवा केन्द्र अन्तर्गत जग्गा नापजाँच कार्यका लागि वडास्तरमा खटिएका सहयोगीहरुको पारिश्रमिक वडा कार्यालयको सिफारिस बमोजिम भुक्तानी दिने ।

<u>निर्णय नं.१९.</u>

बेलका नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७९ स्वीकृत गर्ने ।

<u>निर्णय नं.२०.</u>

आ.व.२०७८/०७९ कालागि बिनियोजित रकमबाट कार्यक्रम संचालन भइ रकम भुक्तानीका लागि पेश भएको बिभिन्न जातिगत समितिको रकम भुक्तानी शीर्षकमा मौज्दात भएको रकमबाट भुक्तानी दिने

<u>निर्णय नं.२१.</u>

बेलका नगरपालिकाको सुशासनको अवस्था मापन गर्न तपसिल बमोजिमको विषयहरु समेटी सुशासनको समग्र अध्ययन प्रतिवेदन तयार गर्ने गराउने ।

क. पदाधिकारी सेवा सुविधा

ख. कर्मचारी

ग. कार्यालय संचालन

घ. योजना संचालन

ङ. निर्माण समाग्री व्यवस्थापन र संचालन (व्याकहो लोडर, एक्साभेटर, ट्राक्टर)

च. कृषि यान्त्रिकरण सम्बन्धि औजार तथा उपकरणहरु (ट्राक्टर, पानि टंकी, थ्रेसर, रोप्ने मेसिन)

छ. सवारी मर्मत(गाडी, मोटरसाइकल, स्कुटी)

ज. इन्धन

झ. तालिम (संचालन, व्यवस्थापन, मसलन्द, प्रशिक्षक, प्रशिक्षार्थि सुविधा)

<u>निर्णय नं.२२.</u>

बेलका नगरपालिकामा नगरपालिकाद्वारा संचालित एम्बुलेन्स चालकहरुले चौविसै घण्टा अहोरात्र खटिनु पर्ने भएकाले निजहरुले संचालनका क्रममा संकलन गरेको रकमको १०% रकम प्रोत्साहन स्वरुप निजहरुलाई उपलब्ध गराउने ।

निर्णय नं.२३.

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको प.सं.२०७८/०७९, च.नं.३८३५२, मिति २०७९/०३/१७ गतेको पत्रानुसार श्री नारायण देवजी चौधरी माध्यामिक विद्यालयको नाम परिवर्तन सम्बन्धमा राय सहितको पत्र श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीलाई पत्राचार गर्ने ।

निर्णय नं.२४.

विविध

क. बेलका नगरपालिका वडा नं. १ मा डेंगु संक्रमण देखिएको हुँदा, सो क्षेत्रमा डेंगु रोकथाम गर्न र संक्रमण दर नियन्त्रण गर्ने सन्दर्भमा औषधिजन्य स्प्रे गरिदिनका लागि प्रदेश सरकार स्वास्थ्य मन्त्रालयसँग अनुरोध गर्ने ।

ख. बेलका नगरपालिका वडा नं.६ मा रहेको किरात चोकमा सम्पन्न गरिएको नगर स्तरीय उभौली सेवा पर्व संचालन गर्दा लागेको खर्च मध्ये रकम रु.३५,०००|- किरात राई यायोक्खालाई भुक्तानी दिने ।